सार्वजनिक सेवा प्रसारण नेपाल सञ्चालक समितिको मिति २०८२/१०/१४ गतेको बैठकबाट स्वीकृत

# सार्वजनिक सेवा प्रसारण नेपाल निर्वाचन आचारसंहिता, २०८२

संघीय संसद, प्रतिनिधिसभा सदस्यको लागि २०८२ फागुन २१ गते हुने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सार्वजनिक सेवा प्रसारण नेपालका देशभर कार्यरत सञ्चारकर्मी तथा कर्मचारीहरुको सहभागितामा २०८२ माघ १२ र १३ गते आयोजित प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२, आचारसंहिता अभिमुखीकरण कार्यक्रमको निष्कर्षलाई आत्मसात् गर्दै पत्रकारिताको उच्चतम व्यावसायिक अभ्यासको निम्ति स्वघोषणाको रुपमा यो आचारसंहिता जारी गरिएको छ ।

## क. संक्षिप्त नाम र प्रारम्भः

(१) यो आचारसंहिताको नाम "सार्वजनिक सेवा प्रसारण नेपाल निर्वाचन आचारसंहिता, २०८२" रहेको छ ।

(२) यो आचारसंहिता तत्काल प्रारम्भ भई निर्वाचन आयोगबाट जारी प्रतिनिधिसभा निर्वाचन आचारसंहिता, २०८२ कायम रहेसम्म लागु हुने छ ।

(३) निर्वाचन आयोगबाट जारी आचारसंहिता र प्रेस काउन्सिल नेपालबाट जारी पत्रकार आचारसंहिताको अनुपालनमा यो आचारसंहिता पूरकको रुपमा रहने छ।

## ख. लागु हुनेः

यो आचारसंहिता सार्वजनिक सेवा प्रसारण नेपालका सबै माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, अनलाइन तथा डिजिटल प्ल्याटफर्मका साथै यसमा आबद्ध पूर्णकालीन, आंशिक वा सेवा करार (समाचार वा कार्यक्रम) मा कार्यरत देशभरका सबै सञ्चारकर्मी तथा कर्मचारीहरुलाई लागु हुने छ ।

## ग. आचारसंहिता अन्तर्गत पालना गनुपर्ने सर्तहरु देहायबमोजिम रहेका छन्ः

१. यो आचारसंहिता प्रचलित कानूनी व्यवस्था तथा विद्यमान आचारसंहिताको पूरकको रुपमा रहेकाले उल्लिखित व्यवस्थाको पालनाका अतिरिक्त पत्रकारिताको उच्चतम व्यावसायिक अभ्यास गर्दै यो आचारसंहिताको पूर्ण पालना गरिने छ ।

२. निर्वाचनसम्बन्धी समाचार, समाचारमूलक कार्यक्रम, बहस, विचार विमर्श तथा अन्य कुनै पनि प्रसारण र प्रकाशन सम्बन्धी सामग्री उत्पादन, प्रकाशन एवम् प्रसारण गर्दा नेपालको संविधानले आत्मसात् गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यतालाई प्रवर्द्धन गर्दै नेपाल राष्ट्र र नेपाली जनतालाई केन्द्रविन्दुमा राखी सत्यतथ्यमा आधारित भई निष्पक्षता, तटस्थता तथा सन्तुलनका सिद्धान्तको पालना गरिने छ ।

३. निर्वाचनसँग सम्बन्धित कुनै पनि सामग्री अनुमानमा आधारित रहेर वा अतिरञ्जनापूर्ण किसिमले प्रकाशन/प्रसारण गरिने छैन । विनाआधार कुनै राजनीतिक दल र उम्मेदवारले विजय वा पराजय हुने आशयका विश्लेषणात्मक सामग्री सम्प्रेषण गरिने छैन। मतदान पूर्वसर्वेक्षण जस्ता अनुमानमा आधारित कुनै पनि प्रकारका सामग्री उत्पादन र प्रसारण तथा प्रकाशन गरिने छैन ।

४. निर्वाचनमा सहभागी सबै राजनीतिक दल र तिनका उम्मेदवार र स्वतन्त्र उम्मेदवार समेतका गतिविधिलाई सन्तुलित रुपमा समेट्ने प्रयास गरिने छ । कुनै पनि राजनीतिक दल वा उम्मेदवारका पक्षमा भोट माग्ने वा समर्थन वा विरोध जनाउने आशयका विचार वा अभिव्यक्ति प्रकट हुने खालका लेख प्रकाशन गर्न पाइने छैन ।

प्रतिलिपि प्रमाणित
२०८२।१०।१६

५. कुनै पनि राजनीतिक दल, व्यक्ति, उम्मेदवार र संस्थाका विरुद्ध अमर्यादित, अपाच्य, असहिष्णु, एकअर्कालाई होच्याउने र घृणा फैलाउने भाषाको प्रयोग गरिने छैन। त्यस्ता भाषाशैली वा प्रस्तुति कुनै वक्ताका भनाइमा पाइए पनि जस्ताको तस्तै वा प्रत्यक्ष कथनका रुपमा समेत प्रयोग गरिने छैन ।

६. अशान्ति हुने, होहल्ला मच्चिने, द्वन्द्व फैलाउन सहयोग पुग्ने, जातीय र साम्प्रदायिक विद्वेष तथा धार्मिक असहिष्णुता बढ्न सक्ने कुनै पनि सामग्रीको सम्प्रेषण गरिने छैन ।

७. दृश्य तथा फोटोहरुको प्रयोग गर्दा गलत अर्थ दिने गरी एआइको प्रयोग गरिने छैन। सही अर्थ दिने खालका ए.आइ. द्वारा निर्मित दृश्य वा तस्वीर प्रयोग गरिएमा ए.आइ. द्वारा निर्मित भन्ने कुरा उल्लेख गरिने छ।

८. पिएसबीका कुनै पनि कार्यालय र परिसरमा कुनै दल र उम्मेदवार विशेषका प्रचार सामग्रीसँग सम्बन्धित पर्चा, पोस्टर, ब्यानर, होर्डिङ बोर्ड, फ्लेक्स बोर्डजस्ता सामग्री टाँस्ने वा झुन्ड्याउने कार्य गरिने छैन । पिएसबीका सवारी साधन वा अन्य कुनै सम्पति कुनै पनि दल र उम्मेदवारको चुनाव प्रचारका पक्षमा वा विपक्षमा प्रयोग गरिने छैन ।

९. पिएसबीमा आबद्ध कुनै पनि व्यक्तिले निर्वाचनमा सहभागी राजनीतिक दल/उम्मेदवार वा राजनीतिक समूहका नेता/ वा उनीहरुका विचारमा सहमति वा विमति जनाउने गरी घोषणा पत्र/ भाषणको क्लिप, समाचार वा भनाइलाई संस्थाको वा व्यक्तिगत सामाजिक सञ्जालमा पोष्ट, लाइक, सेयर वा कमेण्ट, काउन्टर कमेन्ट गर्ने तथा ध्वनि वा चिह्नद्वारा सङ्केत गर्न पाइने छैन। कुनै पनि राजनीतिक दलका नेता/ कार्यालय / झण्डा वा उम्मेदवारसँग फोटो खिचाई आफ्नो वालमा राख्न पाइने छैन । सामाजिक संजालमा आफ्नो अनुमतिविना अन्यले आफूलाई ट्याग गर्न नमिल्ने गरी राखुपर्नेछ र ट्याग भएको पाइएमा आफ्नो वालबाट हटाउनुपर्नेछ ।

१०. पिएसबीमा आबद्ध व्यक्ति कुनै पनि राजनीतिक दल, तिनका नेता तथा कार्यकर्ता र उम्मेदवारलाई लाभ वा हानी पुग्ने कृयाकलापमा संलग्न हुने छैनन् र चुनाव प्रचार अभियानमा लाग्ने छैनन् । त्यस किसिमको सञ्चार सामग्री उत्पादन, प्रकाशन एवम् प्रसारणमा पनि संलग्न हुने छैनन् ।

११. यो आचारसंहिता लागू भए नभएको अनुगमन गरी उल्लङ्घन भएको पाइएमा निजलाई सचेत गराई निजको व्यक्तिगत अभिलेखमा जनिने गरी राखिने छ ।

प्रतिलिपि प्रमाणित